# हिमाली सुस्केरा
राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : ५२, २०८३ भदौ २८ गते आइतवार ( 13 Sept. 2026 ) मूल्य रु. ३०/-




नारीहरुको महान वर्प तीज २०८३ मनाइदै ।

## ब्रिक्स सम्मेलनबाट, पश्चिम एसियामा शान्तिको आह्वान

सुस्केरा समाचारदाता

डोल्पा, भदौ । चीन, रुस, भारत, इरान सहित ११ राष्ट्र सम्मिलित ब्रिक्स समूहका सदस्यहरूले ब्रिक्स सम्मेलनबाट पश्चिम एसियामा शान्तिका लागि आह्वान गरेका छन् । "हामी पश्चिम एसियामा तनावको निरन्तर वृद्धिप्रति गहिरो चिन्ता व्यक्त गर्दछौं र हाम्रा सम्बन्धित राष्ट्रिय अडानहरू स्मरण गर्दै अधिकतम संयम अपनाउन तथा परिस्थितिलाई थप बिगाने कार्यबाट बच्न आह्वान गर्दछौं," शनिबार जारी संयुक्त विज्ञप्तिमा भनिएको छ ।

अठारौं ब्रिक्स शिखर सम्मेलन भारतको राजधानी नयाँ दिल्लीमा शनिबार सुरु भएको हो । दुईदिने सम्मेलनमा ब्रिक्स समूहका नेताहरू व्यापार, लगानी तथा विश्वव्यापी द्वन्द्वका विषयमा गहन छलफल गर्दै हुनुहुन्छ ।

गत मे महिनामा नयाँ दिल्लीमा भेट हुँदा ब्रिक्सका विदेशमन्त्रीहरू संयुक्त वक्तव्यमा सहमत हुन सक्नुभएको थिएन । शनिबार नेताहरूको बैठकमा आयोजक भारतको तीव्र कूटनीतिक प्रयासपछि संयुक्त विज्ञप्ति जारी गरिएको हो । विज्ञप्तिमा नागरिक पूर्वाधार र आणविक सुविधामाथिको आक्रमणको पनि निन्दा गरिएको छ । विज्ञप्तिमा भनिएको छ, "मानिस र वातावरणलाई हानिबाट जोगाउन आणविक सुरक्षा, सतर्कता र सुरक्षालाई सशस्त्र द्वन्द्वसमेतका अवस्थामा सधै

....... .. .पेज नं. ८ मा

## सबै प्रदेशका शिक्षामन्त्रीसँग छलफल

सुस्केरा समाचारदाता

काठमाडौं, भदौ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सातवटै प्रदेशका शिक्षा हेर्ने मन्त्रीहरूसँग छलफल गर्नुभएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा भएको छलफल कार्यक्रममा शिक्षा तथा खेलकुद क्षेत्रमा सङ्घ र प्रदेश सरकारबीच सहकार्य तथा समन्वय थप मजबुत बनाउने विषयमा छलफल भएको थियो ।

त्यसैगरी, छलफलमा १०औं राष्ट्रिय खेलकुदको आयोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम विधेयक, विपद्का समयमा सहकार्य तथा अन्तर सरकार समन्वय लगायतका विषयमा विचार-विमर्श भएको थियो ।

१०औं राष्ट्रिय खेलकुद निर्धारित समयमै सम्पन्न गर्ने, टिभेट विधेयक आपसी छलफलबाट टुङ्ग्याउने तथा प्राविधिक शिक्षालाई थप विकेन्द्रीकृत र पहुँचयोग्य बनाउने प्रतिबद्धता व्यक्त गरियो ।

....... .. .पेज नं. ८ मा

## काँग्रेस एकताका लागि आग्रह

सुस्केरा समाचारदाता

काठमाडौं, भदौ – कांग्रेसका तत्कालीन ३० केन्द्रीय सदस्यले पार्टीभित्र देखिएको विवाद तत्काल समाधान गरी १५औं महाधिवेशन एकतापूर्वक सम्पन्न गर्न अपिल गरेका छन् । पार्टीभित्रको आन्तरिक कलहले कांग्रेसलाई कमजोर बनाइरहेको भन्दै उनीहरूले सबै पक्षबीच संवाद, सहमति र सहकार्यबाट विवाद समाधान गर्न आग्रह गरेका हुन् । उनीहरूले पार्टी विभाजनतर्फ जाने कुनै पनि कदमले राष्ट्र र लोकतन्त्रकै हित नगर्ने बताएका छन् ।

पार्टीभित्रको आन्तरिक कलहले कांग्रेसलाई कमजोर बनाइरहेको भन्दै उनीहरूले सबै पक्षबीच संवाद, सहमति र सहकार्यबाट विवाद समाधान गर्न आग्रह गरेका हुन् ।

कांग्रेसका तत्कालीन ३० केन्द्रीय सदस्यले पार्टीभित्रको विवाद तत्काल समाधान गरी १५ औं महाधिवेशन

....... .. .पेज नं. ८ मा

## डर, त्रास र धम्कीबाट शासन टिक्दैन

सुस्केरा समाचारदाता

डोल्पा, भदौ । सरकारको नेतृत्वलाई सधैका लागि सत्तामा आएको भ्रमबाट मुक्त हुन नेकपा(नेपाली कम्युनिष्ट पार्टी)का सांसद वर्षमान पुनले सुझाव दिनु भएको छ । सरकारले प्रश्नको जवाफ दिनुपर्ने पनि उहाँले सुझाव दिनु भएको छ । उहाँले डर, त्रास र धम्कीबाट शासन लामो समय टिक्दैन, यसरी लामो समय टिक्छौं भन्ने भ्रमबाट भुक्त हुनुहोस् भन्नु भएको छ ।

नेकपाका सांसद वर्षमान पुनले भन्नु भयो 'सधैका लागि सत्तामा आएको भ्रममा नपर्नुस् । अरुका कुरामा विश्वास लाग्दैन भने तपाईंको कार्यालयको भित्तामा झुन्ड्याइएका पूर्वप्रधानमन्त्री र पूर्वमन्त्रीका तस्बिर एकपटक हेर्नुभए पनि सत्य स्वीकार

....... .. .पेज नं. ८ मा

## एमाले फर्किए थापा जोडी

सुस्केरा समाचारदाता

डोल्पा, भदौ । नेपाली कांग्रेसमा आबद्ध रहँदै आएका मुड्केचुला गाउँपालिकाका प्रभावशाली स्थानीय नेता तथा सफल व्यवसायी भक्तबहादुर थापा र कली थापा नेकपा (एमाले) मा फर्किनु भएको छ ।

राजनीतिक यात्राका क्रममा केही समय नेपाली कांग्रेसमा रहे पनि थापा दम्पती पुनः आफ्नो पुरानो राजनीतिक घर नेकपा (एमाले) मा फर्किनु भएको हो ।

उहाँहरूलाई नेकपा (एमाले) डोल्पाका जिल्ला अध्यक्ष लंकबहादुर रोकाया र जिल्ला इन्चार्ज बदमी क्वारी बोहरा बुढाले अबिर, टीका र माला लगाएर पार्टीमा स्वागत गर्नु भएको थियो ।

बहुदल प्रजातन्त्र पुनःस्थापना पछि सुरु देखि एमालेको कार्यकर्ता हुँदै नेता बनेका भक्तबहादुर थापा तत्कालिन कालिका गाउँपालिकाको अध्यक्ष समेत एमालेको तर्फबाट जित्नु भएको थियो । उहाँ तत्कालिन पार्टी अध्यक्ष अंगदकुमार बुढा नेपाली काँग्रेस प्रवेश गर्दा उहाँसँगै २०७० सालमा काँग्रेस बन्नु भएको थियो ।

मुड्केचुला गाउँपालिकामा बलियो स्थानीय राजनीतिक प्रभाव राख्ने थापा परि

....... .. .**पेज नं. ८ मा**

## न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्दै २ दल

सुस्केरा समाचारदाता

कैलाली, भदौ । सुदूरपश्चिम प्रदेशमा नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टीबिचको सहकार्यमा बनेको संयुक्त सरकारले प्रदेश सञ्चालनका लागि ४० बुँदे न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेको छ ।

मुख्यमन्त्री तथा नेपाली कम्युनिष्ट पार्टीका संसदीय दलका नेता खगराज भट्ट र नेकपा (एमाले) का संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावलबिचको सहमतिका आधारमा सोमवार सार्वजनिक गरिएको कार्यक्रममा उत्पादन र रोजगारी वृद्धि, लगानी प्रवर्द्धन, कृषि, उद्योग, पर्यटन, पूर्वाधार, स्वास्थ्य, शिक्षा, सामाजिक न्याय र सुशासनलाई प्राथमिकतामा राखिएको छ ।

सरकारले 'उत्पादन-स्वरोजगारी-आय' लाई समृद्धिको मूल आधार बनाउँदै कृषि, उद्योग, पर्यटन, पूर्वाधार र सेवा क्षेत्रमा प्राथमिकताका साथ बजेट विनियोजन गर्ने जनाएको छ ।

मुख्यमन्त्री खगराज भट्टले सुदूरपश्चिम प्रदेश सरकारको बजेट भदौ मसान्तभित्रै आउने दाबी गर्नुभएको छ । मुख्यमन्त्री भट्टले भदौ मसान्तभित्रै बजेट फाष्ट ट्र्याकबाट ल्याउने बताउनुभयो । मन्त्रालयहरुलाई बजेट निर्माणका लागि दिने मार्ग निर्देशन समेत तयार रहेको मुख्यमन्त्री भट्टले बताउनुभयो । मुख्यमन्त्रीको तर्फबाट मन्त्रालयहरुलाई दिने नीतिगत निर्देशनको मस्यौदा पनि बनाइरहेको उहाँको भनाइ छ ।

बजेटमा रहेको बेथिति सामान्य तरिकाले समाधान हुन सक्ने अवस्था नरहेकोले केही दिन बढि लगाएर भएपनि

....... .. .पेज नं. ८ मा

**ब्रिक्स सम्मेलनबाट .. .....**

कायम राखिनु पर्छ ।" चीनका राष्ट्रपति सी चिनफिङले सम्मेलनको उद्घाटनमा भन्नुभयो, "पश्चिम एसियाको युद्ध अन्तर्राष्ट्रिय समुदायको साझा हितमा छैन ।" यस सम्मेलनको सबैभन्दा ठुलो आकर्षणका रूपमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र चीनका राष्ट्रपति सी चिनफिङ १० वर्षपछि एउटै मञ्चमा सँगै देखिनुभएको छ । यसअघि सन् २०१६ मा भारतको गोवामा भएको ब्रिक्स सम्मेलनमा यी तीन नेता एकसाथ सहभागी हुनुभएको थियो । सन् २०२० को गलवान उपत्यकामा भएको सीमा क्षेत्रको सैन्य झडपपछि चीनका राष्ट्रपति सीको यो पहिलो भारत भ्रमण हो ।

प्रधानमन्त्री मोदीले रुसका राष्ट्रपति पुटिन, चीनका राष्ट्रपति सी, इरानका राष्ट्रपति मसुद पेजेस्कियनसहित अन्य सदस्य राष्ट्रका नेताहरूलाई शिखर सम्मेलनमा स्वागत गर्नुभयो । सम्मेलनका क्रममा भारतका प्रधानमन्त्री मोदी र रुसका राष्ट्रपति पुटिनबिच द्विपक्षीय बैठक सम्पन्न भएको छ । उक्त बैठकमा भारत-रुस व्यापार, आर्थिक सहकार्य, रक्षा तथा नागरिक आणविक सहकार्य विस्तारबारे महत्वपूर्ण छलफल भएको छ ।

त्यसै गरी प्रधानमन्त्री मोदीले इरानका राष्ट्रपति मसुद पेजेस्कियानसँग पनि भेटवार्ता गरी समुद्री मार्गको स्वतन्त्र आवागमन र पानीजहाज चालक दलको सुरक्षाबारे छलफल गर्नुभएको छ । सम्मेलनमा पश्चिमी वित्तीय प्रणालीको विकल्पका रूपमा सीमापार भुक्तानी प्रणाली विस्तार गर्ने, प्रविधि, कृत्रिम बौद्धिकता (एआई) मा सहकार्य बढाउने, ऊर्जा सुरक्षा र आपूर्ति शृङ्खलालाई सुदृढ बनाउने कार्यसूचीमा छलफल हुँदै छ । त्यस्तै प्रधानमन्त्री मोदीले ब्रिक्सको एकतालाई ठोस परिणाममा बदल्न आगामी २० वर्षका लागि महत्वपूर्ण कार्यसूची बनाउनुपने र विश्व शासन प्रणालीमा सुधार गर्नुपर्नेमा जोड दिनुभएको भारतीय सञ्चार माध्यमहरूले जनाएका छन् ।

प्रभाव विस्तारको प्रयास

चीन र रुसले ब्रिक्सलाई पश्चिमी प्रभुत्व घटाउने तथा उदीयमान र विकासोन्मुख अर्थतन्त्रबिच सहयोग विस्तार गर्ने माध्यमका रूपमा हेर्दै आएका छन् । ब्रिक्स बिजनेस फोरमलाई सम्बोधन गर्दै राष्ट्रपति पुटिनले

**न्यूनतम साझा ....... ...**

शब्द-शब्द, वाक्य-वाक्यमा र बुँदा बुँदामा छलफल गरेर न्युनतम साझा कार्यक्रम तयार गरेको बताउनुभयो । अघिल्लो सरकारले असार १ गते प्रदेशसभामा प्रस्तुत गरेको बजेट पारित हुन नसक्दा प्रदेश सरकार साउन १ गतेदेखि बजेट शून्यतामा छ ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाली कम्युनिस्ट पार्टीबिच प्रदेश सरकार गठनसम्बन्धी केन्द्रमा तीन बुँदे सहमति भएपछि प्रदेशमा सरकार सञ्चालनसम्बन्धी न्यूनतम साझा कार्यक्रम तयार गरिएको छ ।

नेपाली कम्युनिस्ट पार्टी संसदीय दल कोशी प्रदेशका नेता इन्द्रबहादुर आङ्बोको नेतृत्वमा बनेको कार्यदलले आज कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई न्यूनतम साझा कार्यक्रम हस्तान्तरण गरेको हो। न्यूनतम साझा कार्यक्रममा २८ बुँदा रहेका छन् ।

**एमाले फर्किए ............**

वार सफल व्यवसायीका रूपमा समेत परिचित छ । स्थानीय तहमा उनीहरूको राजनीतिक तथा सामाजिक प्रभावलाई अर्थपूर्ण रूपमा हेरिँदै आएको छ ।

पार्टी प्रवेशका क्रममा एमाले नेतृत्वले थापा परिवारको पुनरागमनले संगठनलाई थप मजबुत बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ । थापा परिवारको प्रवेशसँगै मुड्केचुलामा एमालेको राजनीतिक आधार थप बलियो हुने अपेक्षा गरिएको छ ।

केही समयको राजनीतिक दूरीपछि मूलघरमा फर्किएको थापा परिवारको पुनरागमनलाई एमालेले संगठन विस्तार र स्थानीय राजनीतिक समीकरणका दृष्टिले महत्वपूर्ण रूपमा लिएको नेकपा (एमाले) डोल्पाले जनाएको छ ।

**डर, त्रास र ....... ......**

गर्न शक्ति प्राप्त हुनेछ ।'

नेकपा सांसद वर्षमान पुनले सरकारलाई दम्भ, अहंकार र धम्कीको शैली त्याग्दै लोकतान्त्रिक मार्गमा फर्किन आग्रह गर्नु भएको छ ।

उहाँले नागरिकका प्रश्न, युवाको असन्तुष्टि र निजी क्षेत्रको भय सुन्दै सरकार जवाफदेही बन्नुपर्ने बताए ।

सरकारको स्वेच्छाचारिता र त्रासपूर्ण वातावरणले राज्य-नागरिक विश्वास कमजोर बनाएको भन्दै पुनले अको विद्रोह र विध्वंसको जोखिमप्रति सचेत गराए ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा पार्टीका तर्फबाट बोलेका पुनले सरकारको नेतृत्व लोकतान्त्रिक मार्गबाट विचलित हुन नहुने पनि बताए । विगतका नेतृत्व सम्झिएर भए पनि सत्ता सधैंका लागि हो भन्ने भ्रमबाट मुक्त हुन उहाँले सुझाव दिनु भएको हो । 'सरकार सच्चियोस् । दम्भी र अहंकारी शैलीमा सुधार गरोस् । विनम्र हुनुस् । सबैको अस्तित्व स्वीकार गर्नुस् । डर, त्रास र धम्कीबाट लामो समय शासनमा टिक्छु भन्ने भ्रमबाट मुक्त हुनुस्,' पुनले भन्नु भयो, 'लोकतन्त्रमा आवधिक निर्वाचन मार्फत जित-हार भइरहन्छ । सधैंका लागि सत्तामा आएको भ्रममा नपर्नुस् । अरुका कुरामा विश्वास लाग्दैन भने तपाईंको कार्यालयको भित्तामा झुन्ड्याइएका पूर्वप्रधानमन्त्री र पूर्वमन्त्रीका तस्बिर एकपटक हेर्नुभए पनि सत्य स्वीकार गर्न शक्ति प्राप्त हुनेछ ।'

गजेन्द्र नारायण सिंह अस्पतालको ढोकामा महिलाले शिशुलाई जन्म दिएको, ग्यास अभाव लगायतका घटनालाई नागरिकले कसरी लिएका छन् भन्ने बुझ्नका लागि सत्तारुढ दलका सांसदले संसदमा देखाएको आक्रोश हेर्न पनि पुनले सरकारलाई सुझाव दिए ।

जेन-जी सहिद स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा घाइतेले व्यक्त गरेको असन्तुष्टिलाई पनि सरकारले मनन गर्नुपर्ने पुनको भनाइ थियो । 'जेन-जी सहिद स्मृति दिवसमा आयोजित कार्यक्रममा सरकार पक्षधरबाट जेन-जी घाइतेमाथि भएको कुटपिट, दुर्व्यवहार निन्दनीय छ ।

**काँग्रेस एकताका .... .....**

एकतापूर्वक सम्पन्न गर्न अपिल गरेका छन् ।

उनीहरूले संवाद, सहमति र सहकार्यबाट विवाद टुंग्याउँदै पार्टी विभाजन रोक्न तथा राष्ट्र र लोकतन्त्रको हितमा कांग्रेसलाई एकताबद्ध बनाउन नेतृत्वसँग आग्रह गरेका छन् ।

सभापति गगन थापाले दुवै पक्षका महाधिवेशन कार्यतालिका स्थगित गरी सम्पूर्ण एकताका लागि निर्णायक वार्ता सुरु गर्नुपर्ने उनीहरूको भनाइ छ ।

'हरेक संकटमा एउटा निकास बनेर उभिंदै आएको कांग्रेस अहिले आफै आन्तरिक कलहमा रुमलिएको छ,' अपिलमा भनिएको छ, 'यस अवस्थामा कांग्रेसभित्रको विवादलाई थप चर्काउने वा पार्टीलाई अझ विभाजित बनाउने तर्फ अघि बढ्नु राष्ट्र र लोकतन्त्रको हितमा हुँदैन ।'

उनीहरूले कांग्रेसको नेतृत्व पङ्क्तिले विगतका अनुभवबाट पाठ

**सबै प्रदेशका ..... ..........**

कार्यक्रममा शिक्षामन्त्री पोखरेलले सङ्घीय सरकार प्रदेश सरकारसँग मिलेर काम गर्न चाहेको बताउँदै शिक्षा र खेलकुदका क्षेत्रमा दुवै तहका सरकार बीच सहकार्य र समन्वय बढाउनुपर्ने मा जोड दिनुभयो ।

मन्त्री पोखरेलले विद्यालय शिक्षा ऐन मन्त्रालयको प्राथमिकतामा रहेको भन्दै उक्त ऐनमा तीन तहका सरकारको अधिकार क्षेत्रको स्पष्टता तथा छुटेका विषयलाई समावेश गराएर ऐनलाई थप समृद्ध बनाइने विश्वास व्यक्त गर्नुभयो ।

"विद्यालय शिक्षा ऐनलाई प्राथमिकतामा राखेका छौं, पहिलाको विधेयकमा कति कुरा छुटेकाले पनि अहिले देशभर सबै सरोकारवालाहरूसँग छलफल गरी रायसुझावका आधारमा अगाडि बढाइएको छ । दीर्घकालीन रुपमा होस् भनेर विषयवस्तु सम्बोधन गर्दा केही समय लागेको हो," मन्त्री पोखरेलले भन्नुभयो ।

**बाढी र डुबान हुनुपूर्वको तयारी**

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- बर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाताः सन्देश बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

हिमाली सुस्केरा **सम्पादकीय**

# विपद्मा एक होऔं

हामी यति बेला विपद्का कारण हरेक हिसाबले थलिएका छौं । यही बेला हो देशमा परेको विपद्सँग जुद्नका लागि योगदान गने , तर एकजुट हुने वातावरण बनाउने काम नेपाल सरकारको हो । नेपाल सरकारले देशका सबै पक्षलाई समेटेर अघि बढ्नु पर्छ । सबैलाई नसमेटेर एक्लै हिड्न खोज्यो भने विपद्मा सहयोग गर्ने मन हुँदा हुँदै पनि विपद्का विरुद्ध जुट्न मन नलाग्न सक्छ । सरकारले जुन प्रकारको वातावरण बनाउनु पर्ने हो त्यो अत्यन्त गम्भिर भएर सोच विचारका साथ गर्नु पर्छ किनकी एकलकाँटे ढंगबाट अघि बढ्न खोज्यो भने सम्भव काम पनि सफल नहुन सक्छ तथा ढिलो हुन सक्छ, ढिलो हुनु भनेकै जोखिम दोब्बर हुनु हो । हाम्रो देशले यस अघि जुनसुकै विपद् तथा अप्ठेरो परेको बेला सत्ता पक्ष र विपक्ष मिलेरै सामना गरेको इतिहास भेटिन्छ । थोरै राजनीतिकरण हुने गरेको भान भए पनि विपद्सँग जुद्न सबै दल समूहलाई निर्वाद रुपमा सहभागि हुन सक्ने वातावरण रहेको पाउने गरेका छौं ।

यस पटक जुन प्रकारले महाप्रलयकारी बाढी नेपालले व्यहोर्नु पर्‍यो त्यो अत्यन्तै दुखद हो । यस बेला देशमा खुम्चिएर विपक्षमा पुगेका दलहरुले समेत विपद्को बेला राहात उद्धारमा सहभागि हुन नखोजेका होइनन् । तर नेपाल सरकारले देशका विपक्ष दलहरुलाई मात्र होइन विदेशी उद्धार टिमलाई समेत सहभागि गराउन आनाकानी गर्‍यो, नेपाल भित्रैका विभिन्न विपद्मा उद्धार राहातमा काम गर्ने गैरसरकारी निकायहरुलाई समेत काममा खट्न अनुमति नभएको भन्ने बजारमा रहेको हल्ला यदी सत्य हो भने निकै चिन्ताजनक विषय हो । किनकी सरकारले गैरसरकारी संघसंस्था, मित्रराष्ट्रहरुको साथ सहयोग नलिएका कारण राहात उद्धारमा निकै ढिलो भएको भन्ने भएको छ । यसले देशलाई सफल हुन दिदैन । त्यस कारणले सम्माननिय प्रधानमन्त्री सहित सरकारले एकदमै गम्भिर भएर राजनीतिक फाइदा घाटाको हिसाब नगरीकन विपद्सँग जुद्न सबैको सहयोग तथा हातेमालो स्वीकार्नु आवश्यक थियो ।

तर पनि जाने कुरा गयो । आउने कुराको चिन्ता गरौं, विपद्सँग जुद्न सबै एक हुने वातावरण सरकारले बनावस सरकारी, गैरसरकारी, उद्योगी, व्यापारी, पेशाकर्मीहरु, सर्वसाधारण नागरिक सबै सबैलाई समन्वय र सम्पर्कमा राखी देश सबैको हो, मिलेर यसको संरक्षण सम्वर्धनमा लाग्नु पर्ने, एकजुट हुनु पर्ने देखिन्छ । जे भए पनि उहिलेका कुरा खुइले भन्ने उखान जस्तै गरी बितेका कुरालाई बिर्सेर भैरहेका गाराअप्ठेरा कुराहरुलाई सजिला बनाउदै, सबै निकाय र व्यक्तिहरुसँग समान सम्बन्ध राखेर विपद्को सामना गर्नु आवश्यक देखिन्छ । हो विपक्षीहरुले पनि गम्भिर भएर सरकारका हरेक काममा सहयोग पुर्‍याउनु आवश्यक छ, नकी राजनीतिक दाउपेचमा अल्झिेर देश बिग्रेको टुलुटुलु हेरेर बस्नु, यसले झनै उनीहरुलाई नै पछाडि पार्दै जाने पक्का छ, उता सरकारले पनि सबै पक्षहरुलाई साथमा लिएर काम गरिएन भने सफलता होइन असफलता हात लाग्ने पक्का भएकाले गम्भिर भएर सोच्दै सबै एकजुट भएर लाग्नु आवश्यक छ ।

## आमा । कहाँ हुनुहुन्छ ?

प्रमोद स्नेही
गोरखापत्रबाट

आमा आउनुस् !
आमा कहाँ हुनुहुन्छ ?
नानीका हरेक प्रश्नमाथिका प्रश्नहरूमा
अनुत्तरित छ समय !
समय मौन छ ।

अनेकन छालहरू उर्लिएर मनमा सबै सबै
खुसी बगाउँदा पनि एकोहोरो हेरिरहेछ
पीडाको सगरमाथा आरोहणमा एक्लो विजेता
बनेको छ समय

जसरी पुराना पातहरू खस्छन् शिशिरका दिनहरूमा
त्यसरी नै झरेका छन् पीडाहरू
उदास आँखाहरूमा सन्त्रासको बाढी दौडिरहेछ
मृत्युको साइरन बजाउँदै !
जतातते कोलाहलको कालो आँधीले सहरको
उज्यालो खोसेको छ ।

सुस्केरामा शोक गीत गाइरहेछन्
गुँड भत्किएका चराहरू !

त्रासैत्रासको ताण्डव नृत्य हेरेर
उदास छ समय
दुःखको देउसी खेलिरहेको बेला
ढकमक्क सयपत्री फुल्ने आँगनमा
आँसुको फूल फुलेका छन् ।

एकाएक वीणाको तारबाट सुर हराएको छ ।
नानीका आँखाबाट सपनाहरू अचानक अपहरण
भए जस्तै
आमा आउनुस्
आमा कहाँ हुनुहुन्छ ?

ममताको न्यानो कम्बल ओढेर निदाउन
खोजिरहेछ नानी !
बगरमा रगतको पदचाप सुनिँदै छ ।

रुँदारुँदै आँसु रित्तिएको बगर जस्तै
उदास आँखाले सोधिरहेछ ?
दुःखेर घाइते भएको समयलाई
आमा आउनुस् !

आमा कहाँ हुनुहुन्छ ?
नानीका हरेक प्रश्नमा
अनुत्तरित छ समय !

समयलाई निकै सन्चो छैन अचेल
समय नानीको प्रश्न जस्तै दुखेको छ ।
झरेको पात जस्तै सुकेको छ ।

## विपत्ति आउने बेला

निरुपम श्रेष्ठ
गोरखापत्रबाट

कसलाई पो थाहा थियो र, यस्तै हुन्छ भनेर ?
शान्त थियो परिवेश, विपत्ति आउने बेला ।

फिल्म झैं लाग्छ दृश्य, कोही कतै कराए झैं
क्षणभरमै हरायौं हामी, दैवले खेल रचाए झैं
रसुवागढी हरायो, टिमुरे-स्याफ्रुबेँसी हरायो
प्रहर एउटै थियो त्यो, विध्वंस छाउने बेला ।

भाग्दाभाग्दै हराए सपना, बस्ती पुरिए माटोमा
बाँकी रहेन कोही-केही, भाग्य पिसियो जाँतोमा
वेत्रावती, बेनी, देवीघाट, त्रिशूलीबजार हरायो
समय उस्तै थियो त्यो, मन बेचैन हुने बेला ।

# नेपाल एसिया कपमा छनौट

सुस्केरा समाचारदाता

डोल्पा, भदौ । तेस्रो संस्करणको एसिसी प्रिमियर कप एकदिवसीय प्रतियोगिता को उपाधि नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोलीले जितेको छ ।

मलेसियामा सम्पन्न फाइनल खेलमा युनाइटेड अरब इमिरेट्स (युएई) लाई ४४ रनले हराउँदै नेपालले दोस्रोपटक प्रिमियर कपको उपाधि जितेको हो ।

योसँगै नेपाली टोली सन् २०२७ मा बङ्गलादेशमा आयोजना हुने एकदिवसीय एसिया कपमा छनोट भएको छ। नेपालले दोस्रोपटक एसिया कपमा स्थान बनाएको हो । नेपालले यसअघि सन् २०२३ मा युएईलाई नै हराएर एसिया कपमा स्थान बनाएको थियो ।

गत संस्करणको विजेता बनेको युएई भने एसिया कप २०२७ मा स्थान बनाउन वञ्चित भयो । फाइनल खेलमा नेपालले दिएको ३१४ रनको लक्ष्य पछ्याएको युएई ४९ दशमलव एक ओभरमा २६९ रनमा अलआउट भयो । उसका लागि राहुल चोपराले १०५ बलमा तीन चौका र चार छक्कासहित अविजित १०० रनको पारी खेले पनि जितका लागि पर्याप्त भएन ।

यस्तै सोयब खानले ५२, तानिस सुरीले ४२, हरप्रीत सिंहले ३३ र खुजैमा चनवीरले १५ रन जोडे । नेपालका लागि बलिङतर्फ करण केसीले तीन, ललितनारायण राजवंशीले दुई, कप्तान सन्दीप लामिछाने, दीपेन्द्रसिंह ऐरी, रोहितकुमार पौडेल र गुलशनकुमार झाले एक/एक विकेट लिए ।

त्यसअघि मलेसियाको क्वालालाम्पुर स्थित बायुमास ओभलको मैदानमा




एसिसी प्रिमियर उपाधि जितेपछि रमाउदै नेपाली खेलाडिहरु ।

# प्रधानमन्त्री राहत कोषमा १३ अर्ब

सुस्केरा समाचारदाता

डोल्पा, भदौ । प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्ने क्रम जारी छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार शनिवार बिहान ९:०० बजेसम्म कोषको खातामा १३ अर्ब ५४ करोड नौ लाख तीन हजार १ सय १७ मौज्दात छ ।

कार्यालयका अनुसार भदौ २६ गते साँझ ५:०० बजेपछि मात्रै २८ करोड २० लाख १४ हजार ३ सय ६६ थपिएको छ । उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा बैंकमा रहेको छ । सरकारले यसअघि उक्त कोषबाट बाढीपीडितका नाममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत एक अर्ब निकासा गरिसकेको छ ।

त्यस्तै कोषका दुई वटा बैंकका डलर खातामा पनि रकम बढ्ने क्रम जारी छ । भदौ २६ गते साँझ ५:०० बजे पछि उक्त खातामा एक लाख ५४ हजार ७ सय ७० डलर थपिएर कूल दुई करोड ३४ लाख ३८ हजार ८ सय ४७ अमेरिकी डलर पुगेको प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले जनाएको छ ।

गत फागुनमा पश्चिम एसियामा द्वन्द्व चर्किएपछि सुरु भएको ग्यास अभाव अझै मत्थर भएको छैन । बीचमा आधा सिलिन्डर ग्यास बेचेर केही सहज बनेको बजारमा पछिल्लो समय अभाव झन् चुलिएको छ ।

ग्यास अभावको समस्या समाधान गर्न सरकारले ९ फागुन २०८२ देखि आधा सिलिन्डर ग्यास (७.१ केजी) बिक्री गर्ने निर्णय गरेको थियो । तर पछि बिस्तारै सहज हुन थालेको भन्दै गत ३१ असारबाट सरकारले पूरा सिलिन्डर (१४.२ किलो) ग्यास वितरण सुरु ग¥यो । तर, त्यसयता पनि बजार मा ग्यासको अभाव टरेको छैन ।

व्यवसायी भने बाढीपहिरोका कारण आयात तथा ढुवानी प्रभावित भइरहे

# योगले बनाउँछ निरोग

- श्रीमन नारायण

गत एघार वर्षदेखि अन्तर्राष्ट्रिय योग दिवस बडो उत्साहका साथ मनाउँदै आइरहेका छौँ । नि:शुल्क अथवा अति नै न्यून खर्चमा शरीरभित्र रहेका अनेकौं रोगको उपचार यसबाट सहजै रूपमा सम्भव भएकाले यसप्रति आकर्षण बढ्दै गएको छ । नियमित रूपमा योग गर्नाले रोगको सम्भावनालाई नै समाप्त गर्न सकिन्छ । योगको माध्यमबाट विश्वका करोडौं मानिस लाभान्वित भएका छन् ।

वर्तमान अवस्थामा योगिक विज्ञान जति महत्वपूर्ण साबित भइरहेको छ, यसअघि यो यति बढी महत्वपूर्ण थिएन । वर्तमान अवस्थामा हामीसँग विज्ञान एवं प्रविधिका तमाम साधन उपलब्ध छन्, जो विश्वको निर्माण एवं विध्वंस दुवै गर्न सक्षम छ र गरिरहेको छ पनि । यस्तो अवस्थामा यो निकै महत्वपूर्ण हुन जान्छ कि हामीलाई जीवनप्रति जागरुकता एवं यस्तो भाव कायम रहोस् ताकि हामी प्रत्येक प्राणीमा आफ्नै शरीरको अंश रहेको अनुभूति गर्न सकौँ । यदि मानव जाति आफ्नो जीवनमा एकात्मकतालाई तथा जीवनको योगलाई सम्झिरहेका छन्, त्यसको अनुभूति गरिरहेका छन् भने विश्वमा अवश्य पनि ठुलो परिवर्तन आउन सक्ने छ । जीवनप्रतिको आफ्नो दृष्टिकोणमा परिवर्तन ल्याउन, व्यापकतामा कमी ल्याएर मात्रै मानव जातिका सबैखाले समस्याको समाधान सम्भव छ । मानव कल्याण एवं आत्मिक विकासको दिशामा यसले ठुलो परिवर्तन ल्याउने निश्चित छ ।

योगमा तनावरहित मस्तिष्क एवं स्वस्थ शरीरको मूल तत्व केन्द्रित रहेको हुन्छ । योग भनेको जोड्नु हो । योगले प्रेम, अहिंसा करुणा एवं सबैलाई सँगसँगै लिएर अगाडि बढ्ने भाव आफूमा केन्द्रित गरेको हुन्छ । आन्तरिक एवं आत्मिक विकास तथा मानव कल्याणसँग जोडिएको विज्ञान हाम्रो भावी पुस्ताका निम्ति ठुलो निधि साबित हुन सक्छ । योग हाम्रो विरासत हो । नेपाल एवं भारत दुई छुट्टाछुट्टै स्वतन्त्र अस्तित्वको देश अवश्य पनि छन् तर हिन्दु धर्म, संस्कृति, पुराण, वेद, उपनिषद्, देवी देवता, तीर्थस्थल महान् ऋषिमुनिहरू हाम्रा निम्ति एक समान पुजनीय, आदरणीय एवं प्रातः स्मरणीय छन् । योगको बारेमा विश्वजगत्लाई अवगत गराउने काम विगतमा पनि नभएका होइनन् तर त्यो साह्रै सीमित थियो । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले जब आफ्नो अमेरिकाका यात्रा दौरान तथा संयुक्त राष्ट्रसङ्घमा योगको महत्वबारे विश्वजगत्लाई राम्ररी सम्झाउने काम गरे अनि यसले विश्वव्यापी मान्यता हासिल ग¥यो । इस्लामिक देशसहित विश्वका झन्डै दुई सय देशले अन्तर्राष्ट्रिय योग दिवस मनाउँदै आएका छन् । साउदी अरब र इरान जस्ता कट्टर इस्लामिक देशहरूमा पनि राजकीय स्तरबाट यसको आयोजना भइरहेका छन् । हाम्रो महान् ऋषिमुनिप्रति पनि हामीले कृतज्ञता ज्ञापन गर्नु उचित हुने छ । सनातन धर्म एवं चिन्तन पद्धतिले विश्व समुदायलाई धेरै थोक दिएको छ । जसमा योग, शाकाहारी जीवनशैली, सत्य, अहिंसाको प्रयोग जस्ता विषय पनि छन् । गणित, विज्ञान एवं खगोलको क्षेत्रमा पनि यसले विश्वजगत्लाई धेरै थोक दिएको छ । योग शरीर एवं मनलाई स्वस्थ राख्ने एउटा वैज्ञानिक माध्यम हो । भनिन्छ मार्सल आर्टका जनक पनि हिन्दु र बौद्ध सन्त नै थिए । हिन्दु संस्कृति जस्तै युनान, मिश्र, अरब एवं अनेकौं संस्कृतिले .........(गोपबाट)

## सामान्य ज्ञान ५२

१. बङ्गलादेशका राष्ट्रपति मोहम्मद साहबुद्दीनले स्वास्थ्यका कारण देखाउँदै आफ्नो कार्यकाल सकिनु दुई वर्षअगावै पदबाट राजीनामा कहिले दिएका हुन् ?

☐ सन् २०२६ जुलाई २४

- राजीनामासँगै रिक्त भएको राष्ट्रपतिको पदपूर्ति गर्न बङ्गलादेशको संसद्ले आगामी ९० दिनभित्र नयाँ राष्ट्रपतिको निर्वाचन सम्पन्न गर्नुपर्ने छ ।

२. भारतमा बहुचर्चित 'निट' मेडिकल प्रवेश परीक्षाको प्रश्नपत्र चुहावट प्रकरणसँगै चर्किएको एक महिनाभन्दा लामो आन्दोलन शिक्षामन्त्रीको राजीनामासँगै आन्दोलनरत कक्रोच जनता पार्टी र सरकारबिच कुन मितिमा सहमति भएको हो ?

☐ सन् २०२६ जुलाई २५

- परीक्षाको प्रश्नपत्र लिक प्रकरणमा विद्यार्थी र युवाको आन्दोलन चर्किएपछि भारतका केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधान राजीनामा दिन बाध्य भएका ।
- सरकार र आन्दोलनरत पक्षबिच तीन चरणको वार्तापछि २५ जुलाई २०२६ मा सहमति भएको । उक्त सहमतिमा आन्दोलनकारीमाथिका सबै एफआइआर फिर्ता लिने र आत्महत्या गरेका विद्यार्थीका सन्दर्भमा उठाइएका माग सम्बोधन गर्ने निर्णय भएको ।
- 'कक्रोच जनता पार्टी' नामक युवा अभियानले दिल्लीको जन्तर-मन्तरबाट सुरु गरेको आन्दोलनले राष्ट्रिय रूप लिँदै सरकारलाई सम्झौता गर्न बाध्य बनाएको ।

साभार: टंक के.सी.

# असंलग्नताको सान्दर्भिकता

- ध्रुवहरि अधिकारी

संयुक्त राष्ट्रसंघको ८१ औं वार्षिक अधिवेशन यस विश्वसंस्थाको मुख्यालय न्यूयोर्कमा मङ्गलबार अपरा ह्न (स्थानीय समय) आरम्भ भएको छ । यसपालिको अध्यक्षता बंगलादे शका कूटनीतिज्ञ खलिलुर रहमानबाट हुँदैछ। संस्थाका महासचिव एण्टोनियो गुटेरेस आफ्नो कार्यकालको अन्तिम चार महिनामा छन्, तसर्थ यसै अव धिमा नयाँ नेतृत्वको चयन हुनुपर्नेछ। त्यस जिम्मेवारीमा पहिलो पटक कुनै महिलाको छनोट हुने सम्भावनाको चर्चा बाक्लो भएको बेला छ ।

राष्ट्रप्रमुख र सरकारप्रमुखहरूको भाषणको सत्र सेप्टेम्बरको अन्त्यतिर हुने परम्परा रहेको छ। यसपालि त्यो सत्र असोज ६-१० मा पर्दैछ । सन् १९४५ अक्टोबरमा ५१ सदस्य देश मिलेर स्थापना गरेको संयुक्त राष्ट्रसंघ (संरासं) अहिले १९३ देशको साझा चौतारी भैसकेको छ जसमा साना-ठूला सबैको मताधिकार समान रहने संस्थाको बडापत्र (चार्टर) ले व्यवस्था गरेको छ।

होली सी (भ्याटिकन) र प्यालेष्टाइन पर्यवेक्षकको हैसियत राख्दछन् । यी सबैको पवित्र उद्देश्य विश्वशान्ति र समृद्धिको हो; परन्तु हाल युरोप, एसिया, अफ्रिका र दक्षिण अमेरिकामा चालू रहेका युद्ध र तनाउले विश्वसंस्थाको लक्ष्यप्राप्तिलाई संशयको घेरामा पारेको छ । आजको विश्व समुदायले के भनेर चाहिँ सन्तोष लिन सक्छ भने कदाचित् संरासं जस्तो व्यापक साझेदारी भएको निकाय नहुँदो हो त हालको स्थिति अझ कहालिलाग्दो हुनेथियो । तसर्थ त्यस्तो भयावह अवस्था आउन नपाउनुलाई नै उपलब्धि मानिनु आश्चर्य भएन ।

संरासंको सदस्यता संख्याको निकटमा रहेको अर्को समूह हो असंलग्न आन्दोलन; जसमा १२१ सदस्य छन् (दक्षिण सुडान कान्छो सदस्य हो ।) । सन् १९६१ मा तत्कालीन युगोस्लाभियाको राजधानी बेलग्रेडमा पहिलो शीर्षस्थ सम्मेलन भएको थियो । ६५ वर्षपछि फेरि बेलग्रेडमै केही दिनपहिले संस्मरणात्मक सम्मेलन आयोजना गरिएको थियो । नेपालबाट परराष्ट्रमन्त्री सम्मिलित हुने तय भएकोमा भदौ १० गतेको 'हिमाली सुनामी' सरहको प्राकृतिक विपद्ले गर्दा मन्त्रीस्तरीय प्रतिनिधित्व हुन पाएन । मन्त्रालयका एक वरिष्ठ अधिकृतबाट नेपालको प्रतिबद्धता नवीकरण गराइयो। संविधानमा नै असंलग्न परराष्ट्र नीतिको उल्लेख भएको हुनाले यसमा तलमाथि गर्ने कुरो पनि आएन । असंलग्न समूहमा १८ वटा राष्ट्रले पर्यवेक्षकको हैसियत राख्छन्; जसमा चीन, ब्राजिल र मेक्सिको जस्ता मुलुक पर्दछन् । थप १० वटा अन्तर्राष्ट्रिय संस्था पर्यवेक्षक सदस्य छन्; जसमा संरासं नै सामेल छ । एसिया, अफ्रिका, युरोप र दक्षिण अमेरिका महादेशको सहभागिता भएको यस्तो विशिष्ट समूहको सान्दर्भिकता कम आकलन गर्न त्यसै पनि मिल्दैन । सन् २०२४ मा १९औं शिखर सम्मेलनको आयोजनासँगै हाल यस समूहको नेतृत्व युगाण्डाले गरिरहेको छ । यही डिसेम्बरमा राजधानी कम्पालामा मन्त्रीस्तरीय बैठक सम्पन्न भएपछि भने असंलग्न समूहलाई डोऱ्याउने जिम्मा उज्बेकिस्तानमा सर्दैछ। असंलग्न समूहको छुट्टै स्थायी भौतिक संरचना नभएकाले समन्वयको काम गराउने कार्यालय (ब्युरो) संरासं भवनमै राखिएको छ।

क्रियाशील मञ्च

दोस्रो विश्वयुद्ध (सन् १९३९-४५) को अन्त्य हुनासाथ संरासं स्थापना भएको थियो । त्यसको १० वर्षपछि अर्थात् १९५५ मा असंलग्न अभियानको जग बसालिएको हो । इण्डोनेसियाको बानडुङमा । अफ्रिका र एसियाका २९ देश सामेल भएर विश्वशान्तिका लागि प्रयत्न गर्न यो मञ्च क्रियाशील गराएका हुन् । नेपाल त्यसमा पनि सामेल थियो र सन् १९६१ को पहिलो शिखर सम्मेलनमा पनि । अभिलेख अनुसार, असंलग्न समूहको आवश्यकता महसूस गरेर त्यसलाई मूर्तरुप दिने श्रेय पाँच देशका नेतालाई दिने गरिएको छ- जोसिप ब्रोज टिटो (युगोस्लाभिया), जवाहरलाल नेहरू (भारत), गमाल अब्देल नास्सेर (इजिप्ट), क्वामे एन्क्रुमो (घाना) र सुकार्नो (इण्डोनेसिया) । घटनाक्रमलाई नियाल्दा संरासं कार्यकारी जिम्मेवारीमा रहने निकाय र असंलग्न समूह परामर्शदाताको भूमिका निर्वाह गर्ने माध्यमजस्ता देखिन्छन् ।

जगजाहेर छ, विश्वयुद्ध सकिँदाको परिवेशमा शीतयुद्धको थालनी हुन गयो । यसमा अमेरिका र सोभियत संघ एक-अर्काका प्रतिद्वन्द्वी भए, र विश्व नै लोकतान्त्रिक र साम्यवादी शिविरमा बाँडिन पुग्यो । अमेरिकी नेतृत्वको सैनिक संगठन 'नेटो' र सोभियत खेमातिर 'वार्सा' गुट निर्माण भयो । त्यसै पृष्ठभूमिमा यी सैनिक दुई गुटमध्ये कुनैमा पनि नलागीकन तटस्थ रहने गरी तेस्रो धार अर्थात् असंलग्न समूह गठन भएको हो । 'तेस्रो विश्व' भन्ने शब्दावली सम्भवतः त्यसै परिप्रेक्ष्यमा प्रचलनमा आएको हो; जसलाई अचेल 'ग्लोबल साउथ' ले विस्थापित गरेको छ- निर्धन देशहरूको समूह भन्ने जनाउन ।

जे होस्, असंलग्न समूहले अन्तर्राष्ट्रिय चासोका विषय र मामिलामा गुणदोषका आधारमा दृष्टिकोण बनाउने र त्यसलाई अभिव्यक्ति दिने नीति अँगाल्यो । अष्ट्रिया र स्वीट्जरल्याण्डले अपनाएजस्तो निष्कृय तटस्थताभन्दा असंलग्न समूहको तटस्थता सकृय प्रकृतिको रहने गरेको छ । युक्रेनउपरको रूसी आक्रमणबारे संरासं महासभामा पहिलो ........ (गोपबाट)


## युवा सशक्तिकरण गरौं

युवा सशक्तिकरण किन :

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सेचत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

## बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

## शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ ।
- अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

## मौसम सम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं ।

- मौसम तथा जलवायु सम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरुपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपनमा सक्रिय सहभागिता जनाऔं,
- उर्जा बचत र स्वच्छ उर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदुषण नियन्त्रणमा जिम्मेवार बनौं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

# आन्दोलनको एक वर्ष अब बुझ्नै पर्ने विषय

- टेकराज पौडेल

नेपाल गत वर्ष एउटा गम्भीर राजनीतिक तथा सामाजिक घटनाक्रमबाट गुज्रियो । आन्दोलनका क्रममा १९ जना युवाहरूले ज्यान गुमाए, त्यसपछिका घटनामा हिंसा फैलियो, उक्त हिंसामा थप ५२ जना नागरिकहरुले ज्यान गुमाए । सार्वजनिक तथा निजी सम्पत्तिमा आगजनी र तोडफोड भयो र राज्यका महत्वपूर्ण संरचनाहरू नै निशानामा परे ।

एक वर्षपछि फर्केर हेर्दा अब यी घटनालाई भावनाले मात्र होइन, विवेक र तथ्यका आधारमा समीक्षा गर्ने समय आएको छ ।

सबैभन्दा पहिले आन्दोलनका क्रममा ज्यान गुमाएका युवाहरूप्रति गहिरो श्रद्धाञ्जली र उनीहरूका परिवारप्रति समवेदना व्यक्त गर्नुपर्छ । नागरिकको मृत्यु कुनै पनि अवस्थामा सामान्य विषय होइन । उनीहरू किन मारिए ? सुरक्षा व्यवस्थापनमा कहाँ कमजोरी भयो ? बल प्रयोग किन आवश्यक ठानियो ? आदेश कसले र कुन परिस्थितिमा दियो ? यी प्रश्नको निष्पक्ष, विश्वसनीय र प्रमाणमा आधारित छानबिन हुनु आवश्यक छ ।

मृतक युवाहरूलाई कुनै राजनीतिक पक्षको तर्क प्रमाणित गर्ने साधन बनाइनु हुँदैन । उनीहरूका परिवारले सत्य जान्ने अधिकार राख्छन् । राज्यको दायित्व पीडितलाई न्याय दिनु, घटनाको सत्य बाहिर ल्याउनु र दोषी देखिए कानुनअनुसार जिम्मेवार बनाउनु हो ।

तर यहीसँगै अर्को गम्भीर प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ- आन्दोलनपछिका हिंसात्मक घटनालाई कसरी हेर्ने ?

तर यहीसँगै अर्को गम्भीर प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ- आन्दोलनपछिका हिंसात्मक घटनालाई कसरी हेर्ने ? सरकारको विरोध गर्नु लोकतान्त्रिक अधिकार हो । नागरिकले आफ्ना माग राख्न, धर्ना बस्न ,जुलुस निकाल्न, प्रदर्शन गर्न र सरकारको आलोचना गर्न सक्छन् । भ्रष्टाचार नियन्त्रण, सुशासन, पारदर्शिता र सामाजिक सञ्जाल निर्विवाद उपयोग गर्ने मागहरू बहसयोग्य र लोकतान्त्रक विषय हुन् । तर माग जायज हुनु र आन्दोलनका क्रममा भएका सबै गतिविधि जायज हुनु एउटै कुरा होइन । सुरु कै दिनमा राज्यका महत्वपूर्ण संरचनामाथि आक्रमण गर्ने, सार्वजनिक सम्पत्ति जलाउने, निजी घर तथा व्यवसायमा तोडफोड गर्ने, लुटपाट गर्ने र जेल तोडेर कैदी भगाउने गतिविधिलाई लोकतान्त्रिक आन्दोलनको स्वाभाविक अभ्यास भन्न सकिँदैन । यस्तो घटनाको पनि गम्भीर अनुसन्धान हुनुपर्छ ।

कसले योजना बनायो ? कसले नेतृत्व गर्‍यो ? हिंसा स्वतःस्फूर्त थियो कि संगठित ? राज्यका सुरक्षा निकाय किन प्रभावकारी हुन सकेनन् ?

कसले योजना बनायो ? कसले नेतृत्व गर्‍यो ? हिंसा स्वतःस्फूर्त थियो कि संगठित ? राज्यका सुरक्षा निकाय किन प्रभावकारी हुन सकेनन् ? यी प्रश्न पनि न्याय र कानुनका दृष्टिले उत्तिकै महत्वपूर्ण छन् । राज्यका कमजोरीको आलोचना गर्नु आवश्यक छ ।

तर राज्य कमजोर भयो भन्दैमा देशका संस्थाहरू ध्वस्त पार्ने अधिकार कसैलाई प्राप्त हुँदैन । लोकतन्त्रमा असहमतिको स्थान हुन्छ, विध्वंसको होइन ।

सामाजिक सञ्जालसम्बन्धी विवाद पनि यस घटनाक्रमको एउटा महत्वपूर्ण पक्ष थियो । नागरिकको अभिव्यक्ति स्वतन्त्रताको सम्मान हुनुपर्छ । तर सामाजिक सञ्जाललाई कर, कानुन र राष्ट्रिय हितका आधारमा नियमन गर्ने विषय संसारका धेरै देशमा बहसको विषय बन्न हुन्छ ? नेपालमा पनि सञ्चालन हुने डिजिटल प्लेटफर्मको दर्ता, कर र नियमनबारे राज्यले नीति बनाउनु अस्वाभाविक होइन । प्रश्न नियमन गर्ने कि नगर्ने मात्र होइन, नियमन कस्तो हुने र त्यसले नागरिक स्वतन्त्रतालाई कति सम्मान गर्ने भन्ने हो ।

हिंसा र विध्वंसले नेपालको अर्थतन्त्रमा पनि गम्भीर सन्देश दिएको छ । जब सरकारी संरचना, उद्योग, व्यवसाय र निजी सम्पत्तिको सुरक्षामाथि प्रश्न उठ्छ, त्यसको असर लगानीमा पर्छ । चारपाँच घन्टामै देश खरानी हुने स्थितिका बीच विदेशी लगानी कसरी आकर्षित हुन्छ ? नेपाललाई आज उद्योग चाहिएको छ, रोजगारी चाहिएको छ र युवालाई देशमै अवसर चाहिएको छ । यस्तो अवस्थामा अस्थिरता र हिंसाले स्वदेशी तथा विदेशी लगानीकर्तालाई सशंकित बनाउँछ ।

नेपालले अब घटनालाई राजनीतिक पक्षधरता र प्रतिशोधको दृष्टिले मात्र होइन, राष्ट्रको भविष्यको दृष्टिले हेर्नुपर्छ ।

युवाहरूको मृत्युको सत्य बाहिर आउनुपर्छ । पीडित परिवारले न्याय पाउनुपर्छ । सुरक्षा व्यवस्थापनमा भएका कमजोरीको समीक्षा हुनुपर्छ । युवाहरूको मृत्युको सत्य बाहिर आउनुपर्छ । पीडित परिवारले न्याय पाउनुपर्छ ।

सुरक्षा व्यवस्थापनमा भएका कमजोरी को समीक्षा हुनुपर्छ । त्यस्तै, सार्वजनिक तथा निजी सम्पत्तिमाथि भएको हिंसा, आगजनी र तोडफोडमा संलग्न व्यक्तिहरूको पनि पहिचान गरी कानुनअनुसार कारबाही हुनुपर्छ । न्याय एकतर्फी हुन सक्दैन । युवाको मृत्युको अनुसन्धान आवश्यक छ भने राष्ट्रको सम्पत्तिमाथि भएको विध्वंसको पनि जवाफ खोजिनुपर्छ । प्रमाण र कानुनका आधारमा दोषी जोसुकै भए पनि जिम्मेवार बनाउन सक्ने राज्य व्यवस्था नै लोकतन्त्रको वास्तविक परीक्षा हो ।

एक वर्षपछि नेपालले सिक्नुपर्ने सबैभन्दा महत्वपूर्ण पाठ यही हो- आन्दोलन लोकतन्त्रको शक्ति हो, तर हिंसा लोकतन्त्रको विकल्प होइन । सरकार परिवर्तनको माग गर्न सकिन्छ, सडकमा उत्रिन सकिन्छ, शान्तिपूर्ण आन्दोलन गर्न सकिन्छ । तर देशका संस्थाहरू जलाएर, राष्ट्रिय सम्पत्ति ध्वस्त पारेर र नागरिकको सुरक्षामाथि खतरा उत्पन्न गरेर कुनै पनि आन्दोलनलाई लोकतान्त्रिक उपलब्धि भन्न सकिँदैन ।

आज आवश्यक छ- मृत्यु भएकाप्रति न्याय, पीडितप्रति संवेदना, दोषीमाथि कानुनी कारबाही र राष्ट्रको भविष्यप्रति जिम्मेवार राजनीतिक चेतना । मने युवाहरूको न्याय पनि आवश्यक छ । जलाइएका राष्ट्रिय सम्पत्तिको जवाफदेहिता पनि आवश्यक छ । पीडित परिवारको आँसु पनि उत्तिकै सत्य हो । र देशको भविष्य जोगाउनु पनि उत्तिकै आवश्यक छ ।

विध्वंसात्मक आन्दोलनको एक वर्षपछि हामीले भावनाभन्दा माथि उठेर यही सत्य बुझ्नुपर्छ- नेपाललाई प्रतिशोध होइन, विध्वंस होइन, अराजकता होइन, न्याय, सत्य ,स्थिरता र जिम्मेवारी आवश्यक छ ।

साभारः दैनिक नेपाल अनलाइन

खाना खानु अघि, शौचालय गए पछि,
खेतबारीमा काम गरिसके पछि
मिचिमिचि साबुन पानीले हात धुन नभुलौं

खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय
दुनै, डोल्पा

मानवअधिकारको सम्मान गरौं

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जात, धर्म, भाषा, लिंग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्धारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं,
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।

मानवअधिकारप्रति सचेत रहौं ।

मुड्केचुला गाउँपालिका, डोल्पा



# तिजप्रति बदलिंदो नारी चेतना

- आशा गुप्ता

नेपाली समाजमा पर्वहरू केवल उत्सवका अवसर मात्र होइनन्, ती हाम्रो सामाजिक स्मृति, सांस्कृतिक पहिचान र सामूहिक जीवनशैलीका जीवन्त अभिव्यक्ति पनि हुन् । यिनै पर्वमध्ये तिज नेपाली नारीको भावनासँग गहिरोसँग जोडिएको विशिष्ट सांस्कृतिक पर्व हो । धार्मिक आस्था, पारिवारिक आत्मीयता, माइतीप्रतिको अनुराग, सामाजिक सम्बन्ध र महिलाको सामूहिक अभिव्यक्तिलाई एकै सूत्रमा बाँध्ने तिजले समयक्रमसँगै आफ्नो स्वरूप बदल्दै आए पनि यसको सांस्कृतिक महत्व भने अझै उत्तिकै प्रगाढ छ ।

हरितालिका तिजको धार्मिक पक्ष भगवान् शिव र पार्वतीको कथासँग जोडिएको छ। पौराणिक मान्यता अनुसार पार्वतीले भगवान् शिवलाई पतिका रूपमा प्राप्त गर्न कठोर तपस्या गर्नुभएको र उहाँको तपस्याबाट प्रसन्न भएर शिवले पार्वतीलाई स्वीकार गर्नुभएको विश्वास गरिन्छ । यही धार्मिक आस्थाका आधारमा विवाहित महिलाले पतिको दीर्घायु, सुख-समृद्धि र पारिवारिक कल्याणको कामना गर्दै तथा अविवाहित महिलाले असल जीवनसाथीको कामना गर्दै तिजको व्रत बस्ने परम्परा रहिआएको छ ।

तिजको अर्थ धार्मिक अनुष्ठानमा मात्र सीमित छैन । यसको सामाजिक र सांस्कृतिक पक्ष अझ व्यापक छ । परम्परागत नेपाली समाजमा महिलाको सामाजिक गतिशीलता सीमित थियो । घरपरिवारको जिम्मेवारीमा बाँधिएका महिलाले आफ्ना भावना, पीडा, गुनासा र आकाङ्क्षा खुलस्त रूपमा व्यक्त गर्ने अवसर कमै पाउँथे । यस्तो परिवेशमा तिज उनीहरूका लागि भेटवार्ता, संवाद र भावनाको सामूहिक अभिव्यक्तिको अवसर बनेर आयो । माइती जाने, दिदीबहिनी तथा साथीसङ्गीसँग भेट्ने, दर खाने, गीत गाउने र नाच्ने परम्पराले महिलालाई केही समय भए पनि घरायसी दायित्वबाट बाहिर निस्किएर आफ्ना अनुभव साट्ने अवसर दियो ।

तिजका गीत त नेपाली महिलाको सामाजिक जीवनका मौखिक दस्तावेज नै हुन् । विगतका तिज गीतमा माइतीको सम्झना, श्रीमान् र घरपरिवारका व्यवहार, सासूससुराको दबाब, आर्थिक अभाव, वैवाहिक जीवनका पीडा तथा सामाजिक विभेदका कथा सुनिन्थे । मनोरञ्जनका रूपमा गाइएका ती गीतभित्र महिलाको मनोविज्ञान, सामाजिक अवस्था र तत्कालीन समाजको संरचना अभिव्यक्त हुन्थ्यो । यस अर्थमा तिज नेपाली महिलाको मौन आवाजलाई सार्वजनिक अभिव्यक्तिमा रूपान्तरण गर्ने महत्वपूर्ण सांस्कृतिक माध्यमसमेत रह्यो ।

समय बदलिएको छ । महिलाको शिक्षा, चेतना, सामाजिक सहभागिता र आर्थिक भूमिकामा उल्लेखनीय परिवर्तन आएको छ। सूचना तथा सञ्चार प्रविधिको विस्तारले अभिव्यक्तिका माध्यम पनि फराकिलो बनाएको छ । यसको प्रभाव तिजमा नपर्ने कुरै भएन । आज तिज घरआँगन र माइतीघरमा मात्र सीमित छैन; विभिन्न सङ्घसंस्था, समुदाय, कार्यालय, राजनीतिक दल तथा सामाजिक संस्थाले समेत तिजका कार्यक्रम आयोजना गर्छन् । महिलाले आफ्ना अधिकार, समानता, आत्मनिर्भरता, शिक्षा, स्वास्थ्य, नेतृत्व र सामाजिक न्यायका विषयमा समेत तिजका गीत र कार्यक्रममार्फत आवाज उठाउन थालेका छन् ।

यो परिवर्तनलाई सकारात्मक रूपमा लिनु पर्छ । संस्कृति स्थिर वस्तु होइन, समयसँगै विकसित हुने सामाजिक प्रक्रिया हो । कुनै पनि परम्परालाई जीवन्त राख्न त्यसलाई बदलिँदो समाजको चेतना र आवश्यकतासँग जोड्नु पर्छ । त्यसैले तिजका गीत र कार्यक्रमले महिला हिंसा, बाल विवाह, दाइजो प्रथा, लैङ्गिक विभेद, घरेलु हिंसा, महिला स्वास्थ्य, आर्थिक आत्मनिर्भरता तथा राजनीतिक सहभागिता जस्ता विषय उठाउनु तिजको मौलिक भावनाको आधुनिक विस्तार हो ।

तर, तिजको बदलिँदो स्वरूपसँगै केही चिन्ताजनक प्रवृत्ति पनि देखिएका छन् । पछिल्ला वर्षमा तिजलाई भड्किलो प्रदर्शन, अत्यधिक खर्च, महँगा पोसाक र गहनाको प्रतिस्पर्धा तथा देखासिकीसँग जोड्ने प्रवृत्ति बढेको छ । सामाजिक सञ्जालले यसलाई अझ तीव्र बनाएको छ । पर्वको खुसीलाई आर्थिक हैसियत प्रदर्शन गर्ने माध्यम बनाउँदा विपन्न तथा निम्नमध्यम वर्गीय परिवारमाथि अनावश्यक सामाजिक दबाब पर्न सक्छ । आफ्नो क्षमता र परिस्थितिभन्दा बाहिर गएर पर्व मनाउने होडले पर्वको आत्मीयता घटाएर आर्थिक बोझ बढाउन सक्छ। पर्वको सुन्दरता खर्चको आकारमा होइन, त्यसले दिने आत्मीयता र खुसीमा हुन्छ । तिजका नाममा हुने अनावश्यक तडकभडक र प्रतिस्पर्धाभन्दा दिदीबहिनी, आमाबुवा, आफन्त तथा साथीभाइबिचको भेटवार्ता र भावनात्मक सम्बन्धलाई प्राथमिकता दिन सकियो भने पर्व अझ अर्थपूर्ण बन्न सक्छ । आफ्नो खुसी मनाउँदै गर्दा समाजमा दुःख र अभावमा रहेका व्यक्तिलाई सम्झन सक्नु तिजको सामाजिक सौन्दर्य पनि हो ।

त्यसैले तिजलाई सामाजिक उत्तर दायित्वसँग जोड्ने अभ्यास आवश्यक छ। दर खाने कार्यक्रमलाई अनावश्यक खर्चको प्रतिस्पर्धा बनाउनुको साटो विपन्न परिवारका बालबालिकालाई शैक्षिक सामग्री वितरण, असहाय महिलालाई सहयोग, महिला स्वास्थ्यसम्बन्धी सचेतना, रक्तदान, सिप विकास तथा आयआर्जनका कार्यक्रमसँग जोड्न सकिन्छ । यसले तिजको उत्सवलाई व्यक्तिगत खुसीबाट सामाजिक खुसीतर्फ विस्तार गर्न सक्छ ।

तिजको अर्को महत्वपूर्ण पक्ष यसको पुस्तान्तरण हो । नयाँ पुस्ताले आफ्नो संस्कृति र परम्परालाई बुझ्नु आवश्यक छ तर संस्कृति संरक्षण भन्नुको अर्थ विगतका हरेक अभ्यासलाई जस्ताको तस्तै निरन्तरता दिनु होइन । समय र समाजका लागि असान्दर्भिक वा विभेदकारी अभ्यासलाई परिमार्जन गर्दै सकारात्मक मूल्य र परम्परालाई नयाँ पुस्तासम्म पुर्‍याउनु नै वास्तविक सांस्कृतिक संरक्षण हो ।

व्रतको सन्दर्भमा पनि व्यक्तिगत आस्था र स्वास्थ्यलाई प्राथमिकता दिनु पर्छ । धार्मिक विश्वासका कारण व्रत बस्ने परम्पराको सम्मान गर्दै आफ्नो स्वास्थ्य अनुकूल अभ्यास अपनाउनु आवश्यक छ । कुनै पनि धार्मिक वा सांस्कृतिक परम्परा मानिसको स्वास्थ्य, सम्मान र स्वतन्त्र इच्छाभन्दा माथि हुन सक्दैन । तिजले महिलालाई खुसी र आत्मविश्वास दिनु पर्छ, अस्वस्थ प्रतिस्पर्धा वा सामाजिक दबाब होइन । आज नेपाली महिला जीवनका प्रायः सबै क्षेत्रमा आफ्नो ......... (गोपबाट)

## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

ठुलीभेरी नगरपालिका, डोल्पा

## भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरु :

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

काइके गाउँपालिका, डोल्पा

## आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछाडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

# न्युयोर्कमा नेपालले राख्नुपर्ने प्रस्ताव

- हरि गोपाल रिसाल

रसुवा-भोटेकोशी विपद्लाई आधार बनाएर प्रधानमन्त्रीको न्युयोर्क यात्रा राहत घोषणाभन्दा अनुदान, प्राविधिक सहयोग र दीर्घकालीन जोखिम न्यूनीकरणका ठोस प्रतिबद्धता जुटाउने अवसर बन्नुपर्छ। नेपालको दाबी क्षतिको प्रमाण, वैज्ञानिक सावधानी, कानुनी आधार र पारदर्शी कार्यान्वयन योजनामा आधारित हुनुपर्छ।

नेपालले जलवायु जोखिममा रहेका देश तथा क्षेत्रीय साझेदारसँग गठबन्धन बनाएर हानि तथा नोक्सानीका लागि अनुदान, ऋण स्थगन, पूर्वसूचना प्रणाली र सुरक्षित पुनर्निर्माणको प्रस्ताव अघि सार्नुपर्छ। महासभापछि निश्चित रकम, प्राविधिक सहयोग र समयसीमासहितका प्रतिबद्धता सार्वजनिक भए मात्र यात्राको सफलता प्रमाणित हुनेछ।

प्रधानमन्त्री वालेन्द्र शाहको न्युयोर्क यात्रा (संयुक्त राष्ट्र महासभा) रसुवा-भोटेकोशी विपद्का लागि तत्काल अन्तर्राष्ट्रिय सहयोग जुटाउने अवसर हो। तर यात्राको सफलता भाषण वा राहतको घोषणाले होइन, प्राप्त अनुदान, प्राविधिक सहयोग र दीर्घकालीन जोखिम न्यूनीकरणका ठोस प्रतिबद्धताले मापन हुनेछ। नेपालले क्षतिको प्रमाण, रोकथाममा चाहिने लगानी, अन्तर्राष्ट्रिय जिम्मेवारी र पारदर्शी कार्यान्वयनलाई एउटै राजनीतिक प्रस्तावमा गाँस्नुपर्छ। रसुवाको विपद्ले संकटको गम्भीरता देखाएको छ। अब सरकारको नेतृत्व अर्को ठूलो जोखिम रोक्ने दूरदृष्टिबाट जाँचिनेछ।

### दाबीको शक्ति प्रमाणबाट आउँछ

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रतिवेदनअनुसार २६ अगस्ट २०२६ मा माथिल्लो भोटेकोशी जलाधारमा हिम र शैल पदार्थ छुट्टिएर पानी तथा गेग्रानसँग मिसियो र तीव्र भग्नावशेष प्रवाह बन्यो। १ सेप्टेम्बरसम्मको प्रतिवेदनले ४१ पक्की पुल बगेको तथा सडक, विद्युत् र सञ्चारसम्बन्धी संरचनामा गम्भीर क्षति पुगेको जनाएको छ। मृतक, बेपत्ता र उद्धार गरिएकाको संख्या बदलिन सक्ने भएकाले प्रधानमन्त्रीले प्रयोग गने प्रत्येक आँकडामा मिति र समय खुलाउनुपर्छ र सरकारको अद्यावधिक अभिलेखलाई आधार बनाउनुपर्छ।

इसिमोडको प्रारम्भिक वैज्ञानिक मूल्यांकनले यसलाई परम्परागत हिमताल फुटेर आएको बाढी मानेको छैन। प्रारम्भिक व्याख्यामा हिम र चट्टान खसेपछि पानी तथा गेग्रान मिसिएर विनाशकारी प्रवाह बनेको देखिन्छ। हिन्दुकुश हिमालयमा तापक्रम वृद्धिले जोखिम बढाएको दीर्घकालीन प्रमाण र यही घटनाको कारण निर्धारण गर्ने अध्ययन फरक विषय हुन्। वैज्ञानिक निष्कर्ष आउनुअघि नेपालले प्रमाणभन्दा ठूलो दाबी गर्नु हुँदैन। यस्तो सावधानीले जलवायु न्यायको माग कमजोर पार्दैन, बरु प्रतिवाद सामना गर्न सक्ने बनाउँछ। नेपालसँग देशभित्र र बाहिर उपयोग गर्न सकिने वैज्ञानिक सञ्जाल छ। सरकारको काम त्यसलाई भाषणको पृष्ठभूमि बनाउनु होइन, प्रमाण संकलन, जोखिम नक्सांकन र लगानी योजना तयार गर्ने स्थायी संयन्त्रमा बदल्नु हो।

### अधिकारसँगै तयारी पनि

जलवायु महासन्धिले साझा तर फरक जिम्मेवारी र क्षमताको सिद्धान्त स्थापित गरेको छ। पेरिस सम्झौता-२०१५ मा अनुकूलन, हानि तथा नोक्सानी, वित्त र सहकार्यका व्यवस्था छन्। सेन्डाइ फ्रेमवर्क-२०१५ ले जोखिम बुझ्ने, संस्थागत जिम्मेवारी बलियो बनाउने र विपद्पछि अझ सुरक्षित पुनर्निर्माण गर्ने दायित्व औँल्याउँछ। यी दस्तावेजले नेपाललाई आफ्नो माग राख्ने कानुनी र नीतिगत भाषा दिन्छन्।

नेपालले आवश्यकताको आकार पहिचान गरिसकेको छ। राष्ट्रिय अनुकूलन योजनाले सन् २०५० सम्मका ६४ प्राथमिकता कार्यक्रमका लागि ४७.४ अर्ब अमेरिकी डलर आवश्यक पर्ने र त्यसमध्ये ४५.९ अर्ब डलर बाह्य स्रोतबाट जुटाउने अपेक्षा गरेको छ। तेस्रो राष्ट्रिय निर्धारित योगदानले सन् २०३५ सम्मका परिमाण निर्धारण गरिएका कार्बन उत्सर्जन न्यूनीकरण लक्ष्यका लागि ७३.७४ अर्ब डलर आवश्यक पर्ने जनाएको छ। त्यसमध्ये ८५.३२ प्रतिशत अन्तर्राष्ट्रिय जलवायु वित्त र सहयोगबाट आउने अपेक्षा छ। अनुकूलन प्राथमिकताका लागि छुट्टै १८ देखि २० अर्ब डलर आवश्यक पर्ने अनुमान गरिएको छ। यी योजनालाई लगानीयोग्य आयोजना, जिम्मेवार निकाय र मापन गर्न सकिने नतिजामा बदल्न नसक्दा अन्तर्राष्ट्रिय प्रतिबद्धता बजेटमा आइपुग्दैन।

अन्तर्राष्ट्रिय न्यायालयको सन् २०२५ को परामर्शात्मक रायले राज्यहरूलाई जलवायु हानि रोक्ने, उत्सर्जन नियन्त्रण गर्ने र सहकार्य गर्ने दायित्वबारे कानुनी स्पष्टता दिएको छ। गैरकानुनी काम र क्षतिबीच कारणसम्बन्ध प्रमाणित भए क्षतिपूर्तिको प्रश्न उठ्न सक्छ। तर न्यायालयले रसुवाका लागि कुनै देशलाई रकम तिर्न आदेश दिएको छैन। तत्काल प्राथमिकता हानि तथा नोक्सानी सम्बोधन कोष र अन्य अनुदान स्रोतमा पहुँच हुनुपर्छ। सम्भावित कानुनी दाबीका लागि घटना विज्ञान, आर्थिक मूल्यांकन र कारण सम्बन्धको प्रमाण अलग्गै तयार गर्नुपर्छ।

अर्थमन्त्री स्वर्णिम वाग्लेले रोयटर्ससँग पुनर्निर्माणमा ४ देखि ५ अर्ब अमेरिकी डलर लाग्न सक्ने प्रारम्भिक अनुमान प्रस्तुत गरेका छन्। विस्तृत क्षति मूल्यांकन पूरा नभएकाले यसलाई अन्तिम बिल भन्न मिल्दैन। नेपालले यो खर्च एक्लै धान्न नसक्ने तर्क विश्वसनीय बनाउन राहत, पुनर्निर्माण, जीविकोपार्जन, प्राकृतिक प्रणाली तथा सामाजिक र सांस्कृतिक क्षतिको छुट्टाछुट्टै लेखा चाहिन्छ। प्रत्येक रकमको विधि, स्रोत र अनिश्चितता खुलाउनुपर्छ।

### आजको विकासले ७ पुस्ताको बाटो नथुनोस्

नेपाललाई सडक, ऊर्जा, आवास, विद्यालय, अस्पताल, रोजगारी र डिजिटल सेवा चाहिन्छ। जलवायु सुरक्षाको नाममा विकास रोक्न सकिँदैन। तर नदीको बहाव, भूगर्भ, जलाधार, मर्मत र विपद् जोखिम नहेरी बनेको पूर्वाधारले विकासको लागत भविष्यमा अझै बढ्छ। आज सस्तो देखिएको आयोजना भोलि ऋण, मर्मत र जनधनको क्षतिमा महँगो पर्न सक्छ। ७ पुस्ताको सोचको अर्थ आजको लाभका लागि आगामी पुस्ताले पानी, माटो, वन, जैविक विविधता र सार्वजनिक वित्तमा खर्च नगर्नु हो।

बेलायती अर्थ मन्त्रालयको ग्रीन बुकले सार्वजनिक लगानीका विकल्प तुलना गर्दा लागत, लाभ र जोखिमको व्यवस्थित मूल्यांकन माग्छ। वेल्सको भावी पुस्ताको कल्याणसम्बन्धी कानुनले सार्वजनिक निकायलाई दीर्घकालीन असर हेर्न र समस्या उत्पन्न हुनुअघि रोक्न दायित्व दिएको छ। नेपालले पनि ठूला सडक, जलविद्युत् आयोजना, सहर विस्तार र सार्वजनिक भवन स्वीकृत गर्नुअघि जलवायु तथा विपद् जोखिम, सम्पूर्ण आयुभरको लागत र कम जोखिम भएका विकल्पको स्वतन्त्र परीक्षण अनिवार्य गर्न सक्छ। ७ पुस्ताको विचार बजेट र आयोजना स्वीकृतिको मापदण्डमा नदेखिएसम्म सुन्दर वाक्य मात्र रहन्छ।

### भारतसँग आरोप होइन, हितमा आधारित वार्ता

ग्लोबल कार्बन बजेट-२०२४ अनुसार सन् २०२३ मा भारतले विश्वको जीवाश्म कार्बनडाइअक्साइड उत्सर्जनको करिब ८ प्रतिशत हिस्सा ओगटेको थियो। तर पेरिस सम्झौताको धारा ९ ले ... (ईकान्तिपुरबाट)


## जनहितमा जारी सूचना

घरघरमा सफा पानी स्वच्छ जिन्दगानी,
सिंचाई गरौं, उत्पादन बढाऔं बेरोजगार घटाऔं,
दिगो विकासको मुख्य आधार स्वच्छ
खानेपानी र सरसफाई युक्त बानी व्यवहार।
खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय
दुनै, डोल्पा



गाउँ शहर सफा गरौं, स्वस्थ रहौं, सभ्य बनौं

पृथ्वीको संरक्षणः दिगो प्रकृतिमैत्री जीवनयापन




वनले दिन्छ स्वच्छ वायुः स्वस्थ जीवन दीर्घ आयु

डिभिजन वन कार्यालय दुनै डोल्पा